Soaltee Hotel Limited

# सोल्टी होटल लिमिटेड

## ४४औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

### १. वैधानिक सभा

सोल्टी होटल लिमिटेडको २०७५ कार्तिक २९ गते (१५ नोभेम्बर २०१८) विहीबारका दिन बसेको संचालक समितिको २२०औं बैठकको निर्णय, कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको ४४औं वार्षिक साधारण सभा कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट**ज्यूको सभापतित्वमा निम्न मिति, स्थान, र समयमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भई सुसम्पन्न भयो ।

### २. सभाको मिति, स्थान र समय

**मिति: २०७५ साल पौष २६ गते तद्नुसार १० जनवरी २०१९, विहिबारका दिन ।**

**स्थान: नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं, नेपाल ।**

**समय: बिहान ११ बजे प्रारम्भ भई दिउसो २.०० बजे सम्पन्न भएको ।**

### ३. सभाको सूचना

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४४औं वार्षिक साधारण सभाको लागि शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना सहितको प्रारम्भिक संक्षिप्त सूचना **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा २०७५ मङसिर ७ गते तद्नुसार २३ नोभेम्बर २०१८ शुक्रबार प्रकाशित गरिएको थियो ।

तत्पश्चात्, कम्पनीको ४४औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु, अन्य जानकारीहरु, र कम्पनी ऐन, २०६३ को दफा ८४ मा शेयरधनीहरुलाई संक्षिप्त वार्षिक आर्थिक विवरण पठाउने व्यवस्था भए अनुसार लेखापरिक्षकबाट प्रमाणित, सञ्चालकहरुको प्रतिवेदन सहितको कम्पनीको संक्षिप्त आर्थिक विवरण समेत समावेश गरीएको बिस्तृत सूचना प्रथम पटक **"कान्तिपुर"** राष्ट्रिय दैनिकमा मिति २०७५ मंसिर २६ गते तद्नुसार १२ दिसम्बर २०१८ बुधबारका दिन प्रकाशित गरिएको थियो ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

साथै, कम्पनीको ४४औं वार्षिक साधारण सभा सम्बन्धी दोश्रो पटकको विस्तृत सूचना **"कारोबार"** राष्ट्रिय दैनिकमा मिति २०७५ पुस ४ गते तद्नुसार १९ दिसम्बर २०१८ बुधबार प्रकाशित गरि शेयरधनीहरुलाई सूचना सम्प्रेषण गरिएको र ४४औं वार्षिक साधारण सभा सम्बन्धि सबै प्रकाशित सूचनाहरु र आर्थिक विवरणहरु कम्पनीको वेव साईट http:www.soalteehotel.com मा समेत शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि उपलब्ध रहेको छ ।

त्यसैगरी, शेयरधनी महानुभावहरुको अधिकतम सूचनार्थ ४४औं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त सूचना अनलाइनपत्रिका **"बाह्रखरी"** मा समेत मिति २०७५ पौष २४ गते (८ जनवरी २०१८) गते देखी ४४औं वार्षिक साधारण सभाको मिति सम्म रहने गरी प्रकाशित गरिएको थियो ।

त्यस्तै, कम्पनीको शेयरधनी दर्ता किताबमा उपलब्ध शेयरधनीहरुको **व्यक्तिगत ईमेल आईडीमा समेत ईमेल** गरी ४४औं वार्षिक साधारण सभा सम्वन्धी सूचना सहितको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु सम्प्रेषण समेत गरिएको थियो ।

शेयरधनी महानुभावहरुलाई कम्पनीको शेयरधनी दर्ता किताबमा कायम रहेको सम्बन्धित ठेगानामा ४४औं वार्षिक साधारण सभा सम्वन्धी बिस्तृत सूचना, सामान्य जानकारी तथा आवश्यक कागजातहरु, छलफलका विषयहरु र कम्पनीको आर्थिक वर्ष २०७४/७५ को वार्षिक आर्थिक विवरणहरु समावेश रहेको कम्पनीको **संक्षिप्त वार्षिक प्रतिवेदन २०७४/७५** शेयरधनी महानुभावहरुको जानकारी एवं सूचनार्थ हुलाक र कुरियरबाट समेत सम्प्रेषित गरिएको थियो ।

साथै, ४४औं वार्षिक साधारण सभा सम्बन्धि सम्पूर्ण विवरण सहितको आर्थिक वर्ष २०७४/७५ का **वार्षिक आर्थिक विवरणहरु** समावेश रहेको कम्पनीको **४४औं वार्षिक प्रतिवेदन २०७४/७५** पुस्तक नेपाली र अग्रेजीमा कम्पनीको वेव साईट http:www.soalteehotel.com मा शेयरधनी महानुभावहरु तथा सम्बन्धीत सबैको जानकारी एवं सूचनार्थ उपलब्ध रहेका छन् ।

## ४. छलफलको विषय

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को संचालक समितिको **वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०७५ आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण)**, सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु**, (**Consolidated Financial Statements**) उपर छलफल गरी पारित गर्ने ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई **चुक्ता पूँजीको १६.३१५७८९४७ प्रतिशतका दरले नगद लाभांश** प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम **आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त** गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. कम्पनीको संचालक समितिबाट सिफारिश भए बमोजिम कम्पनीका **कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु** पारित गर्ने ।

## (ख) विषेश प्रस्ताव

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम **शेयरधनीहरुलाई १० (दश प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ (एक) कित्ताका दरले बोनस शेयर** वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

## (ग) विविध

७. **विविधः** अध्यक्षको अनुमति अनुसार ।

## ५. उपस्थिति

### १. संचालकहरुको उपस्थितिः

कम्पनीको ४४औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट, तथा संचालकहरु श्री रवि भक्त श्रेष्ठ, श्री शशी राज पाण्डे, श्री राजेश काजि श्रेष्ठ, श्री जया राज्य लक्ष्मी शाह, श्री गणेश बहादुर चन्द, श्री निरन्जन कुमार टिबरेवाला, श्री प्रकाश बिक्रम खत्री तथा श्री भेंकटेश गोमाटामका बैकल्पिक संचालक, श्री विवेक भल्ला** ज्यूहरुको उपस्थिति थियो ।

### २. कम्पनीका पदाधिकारीहरुको उपस्थिति

कम्पनीको ४४औं वार्षिक साधारण सभामा सोल्टी क्राउन प्लाजा, काठमाण्डौंका महाप्रबन्धक, **श्री उपल मजुमदार**, मुख्य लेखापाल, **श्रीमती दुर्गा सुन्दरी श्रेष्ठ**, कम्पनी सचिव, **श्री लिल बहादुर खत्री**, निर्देशक वित्त तथा व्यापार सहयोग, सोल्टी क्राउन प्लाजा, **श्री सुर्दशन चापागाई, बैधानिक लेखापरीक्षक, पिकेएफ टी आर उपाध्या एण्ड कं.**, चार्टर्ड एकाउण्टेण्टस्, लेखापरीक्षकको तर्फबाट,

सोल्टी होटल लिमिटेड काठमाण्डौं

प्रबन्ध साझेदार, **सि ए श्री शशि सत्याल,** लेखापरीक्षक नेपाल वित्तीय प्रतिवेदन मान, (NFRS), **प्रविण जोशी एण्ड कं.,** चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौंको तर्फबाट, प्रोप्राइटर, **सि ए श्री प्रविण ध्वज जोशी,** र कानूनी सल्लाहकार द्वय **श्री कोमल प्रकाश घिमिरे,** वरिष्ठ अधिवक्ता तथा **श्री समीर शर्मा,** अधिवक्ता को उपस्थिति थियो ।

## ३. शेयरधनीहरुको उपस्थिति

१. कुल शेयरधनीहरुको उपस्थिति संख्या ७७७

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल (शेयरधनी संख्या तथा शेयर कित्ता) | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ५,८१२ | ७७७ | १३.३७ % |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ६६,६०६,३७४ | ५०,१४८,१३३ | ७५.३२ % |

## ७. सभाको वैधानिकता

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४४औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४४औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको उपस्थिती पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या जम्मा ७७७ रहेको र कुल शेयर संख्याको ७५.३२ प्रतिशतको प्रतिनिधित्व भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम, ४४औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले गर्नुहुने जानकारी गराउँदै बिहान ११ बजे कम्पनीको ४४औं वार्षिक साधारण सभाको काम कारबाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नु भयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै

सोल्टी होटल लिमिटेड काठमाण्डौं

शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुंदै ४४औं वार्षिक साधारण सभाको काम कारबाही अगाडि बढाउनु भयो ।

## ९. अध्यक्षज्यूको मन्तब्य

कम्पनीको ४४औं वार्षिक साधारण सभालाई आफ्नो मन्तब्य प्रकट गर्नुहुंदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनुभएका संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, कम्पनीका पदाधिकारीहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरुलाई हार्दिक स्वागत गर्नुहुदै अध्यक्षको मन्तब्य प्रकट गर्नुभयो ।

(बिस्तृत विवरणको लागि, **अनुसूची १**)

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति

### (क) सामान्य प्रस्ताव

कम्पनीको ४४औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले आफ्नो मन्तब्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको **लागि विषयसूची नम्बर (क) (१) र (क) (२)** अनुसार क्रमश:

१. आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को संचालक समितिको **वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०७५ आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण),** सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements)** उपर छलफल गरी पारित गर्ने प्रस्तावहरु प्रस्तुत गर्नुभयो ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

## ११. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०७५ आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण),** सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु**, (**Consolidated Financial Statements**) र तत्सम्बन्धी टिप्पणीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा शेयरधनी, (१) **श्री द्वारिकामान सिंह प्रधान, (२) श्री बिजय बहादुर श्रेष्ठ, (३) श्री चन्द्र नारायण श्रेष्ठ, (४) श्री रामकृष्ण पन्त, (५) श्री अशोक उप्रेति, र (६) श्री दशरथ रिसाल** गरी जम्मा ६ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुंदै आ–आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो ।

### शेयरधनी महानुभावहरुले सामुहिक रुपमा व्यक्त गर्नुभएको सुझाव, सराहना र मन्तब्य

१. कम्पनीको संचालक समिति तथा व्यवस्थापनको कुशल कार्यसम्पादनको परिणाम स्वरुप यस कम्पनीका शेयरधनीहरुलाई प्रत्येक वर्ष केही न केही प्रतिफल मुनाफा प्रदान गर्न सफल हुनुभएकोमा सबै जनालाई सराहना गर्दै हार्दिक धन्यवाद दिनुभयो ।

२. नेपालको पर्यटन क्षेत्रमा अग्रणीय तथा निरन्तर दृढस्तम्भको रुपमा आफ्नो उपस्थिति जनाईरहेको सोल्टी होटेलको कार्यसम्पादन राम्रो छ र यो शेयरधनीहरुका लागि गर्वको कुरा हो ।

### छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण

छलफलको क्रममा सहभागी बक्ता शेयरधनी महानुभावहरुले बुंदागत रुपमा निम्नलिखित मन्तब्य, जिज्ञांशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

१. **श्री द्वारिकामान सिंह प्रधान,**

१. सोल्टी होटेलको नामबाट नै अपनत्व झल्किने गर्दछ र यस कम्पनीको शेयरधनी हुनुमा हामीलाई गर्वको अनुभुति हुन्छ ।

२. सोल्टी होटेल नेपालको अब्बल श्रेणीको पहिलो नम्बरको होटेल हो जसको ख्याती विश्वमा समेत फैलिएको छ । यो कम्पनी पारदर्शी छ, यसको व्यावस्थापन पक्ष चुस्त, सक्षम, र कार्यकुशल छ तथा कर्मचारीहरु अत्यन्त मेहनती

सोल्टी होटल लिमिटेड काठमाण्डौं

र कर्मठ छन् जसको कार्यसम्पादन तथा अथक प्रयासले गर्दा कम्पनीका हामी शेयरधनीहरुले प्रत्येक बर्ष केही न केही प्रतिफल पाइरहेका छौं त्यसका लागि धन्यवाद छ ।

३. सोल्टी होटलले कार्यसम्पादन गर्दै गर्दा देशको पर्यटन क्षेत्रमा आईपर्ने अनेकौं व्याावधान तथा प्रतिकुल परिस्थिति जन्य समस्याहरुबाट जुध्दै ती प्रतिकुलताहरुलाई अनुकुलतामा परिणत गर्दै भविश्य प्रतिको दुरदृष्टिका साथ अगाडि बढीरहेको छ र सोही अनुसारको परिणाम यसका प्रतिवेदनहरुमा प्रतिबिम्बित भएको छ ।

४. कम्पनीले प्रत्येक वर्ष लाभांशको रुपमा शेयरधनीहरुलाई प्रतिफल दिएको छ । कम्पनीको कार्यसम्पादन राम्रो भएकोले हामीले नगद लाभांश र बोनश शेयर पाईरहेका छौं । वहांले शेयरधनीहरुलाई प्रतिफल दिन सक्षम हुनुभएकोमा कृतज्ञता तथा धन्यवाद प्रकट गर्न सभा समक्ष तालि बजाएर हौसला तथा प्रोत्साहन गर्न अनुरोध गर्नुभएकोमा सभाले तालिको गडगडाहट सहित धन्यवाद तथा कृतज्ञता प्रकट गऱ्यो ।

५. सोल्टी होटेलको भविश्यको विस्तार तथा लगानी विविधीकरणको कुरा गर्दा अब सोल्टी होटेलले अग्रगामी छलाङ मार्नुपर्छ भन्दै सोल्टी नेपालगञ्जमा पुगीसकेको परिप्रेक्ष्यमा सोको कदर प्रदान गर्न पुनः एक पटक सभालाई तालि बजाएर हौसला बुलन्द गर्न आग्रह गर्नुभएकोमा सभाले तालिको गडगडाहट सहित धन्यवाद प्रकट गऱ्यो ।

६. अब सोल्टी होटलको उपस्थिति नेपालका मनोरम पर्वतीय मालाका मनमोहक प्राकृतिक रुपमा उत्कृष्ठ पहाडि पर्यटकीय हिमाली पदमार्ग क्षेत्रहरुमा समेत हुन आवश्यक छ। सोल्टी होटेलको विस्तार गरी ती पर्वतीय पर्यटकीय गन्तब्यहरुमा समेत रिसोर्टसको रुपमा विस्तार गर्नुपर्दछ भन्नु भयो । अब आउने दिनहरुमा त्यस्ता पर्वतीय पर्यटकीय गन्तब्यहरुको पहिचान गरी त्यसतर्फ पनि कार्य विस्तार गर्ने जमर्को गर्नुहोला ।

७. कम्पनीको शेयर बजारमा यसको शेयरको बजार मुल्य स्थिर छ, यो कम्पनीको शेयर सुस्थापित र आर्थिक रुपमा सुदृढ रही ब्लुचिफ शेयरको रुपमा सुस्थापित भएको शेयर हो अतः यसको बजार मुल्यलाई बढाउने कार्यमा हामी शेयरधनीहरुले समेत ध्यान दिनु पऱ्यो । अन्त्यमा, वहांले होटेलका सेवा सुबिधाहरु सदैव अब्बल रही प्रथम श्रेणीको रुपमा कायम रहोस् भन्दै होटेलको उत्तरोत्तर प्रगती तथा अभ्युन्नतिको शुभकामना दिनुभयो ।

## २. <u>श्री विजय बहादुर श्रेष्ठ</u>

१ शेयरधनी एवं पुर्व संचालक, श्री विजय बहादुर श्रेष्ठले २०५८ साल पौष ६ (तद्नुसार २१ डिसम्बर, २००१) गते बसेका कम्पनीको २७औं वार्षिक साधारण सभामा वहाँले शेयरधनीहरुको तर्फबाट सो सभामा नेपालमा पर्यटन एवं पर्यटन श्रम शक्तिको विकासमा सोल्टीको ठूलो र उल्लेख्य भूमिका रहेको र त्यसमा कम्पनीका तत्कालिन अध्यक्ष एवं कार्यकारी प्रमुख श्री प्रभाकर शम्शेर ज.ब.राणाज्यूको नेतृत्वको महत्वपूर्ण योगदान रही नेपालको निजि क्षेत्रमा **<u>असल संस्थागत सुशासन</u>** <u>(Good Corporate Governance)</u> अवधारणाका सूत्रपात, प्रवर्तक तथा परिपालक श्री राणाज्यूले कम्पनीको अध्यक्ष एवं कार्यकारी प्रमुखको हैसियतमा प्रदान गर्नुभएको योगदानको कदर स्वरुप वहांलाई सोल्टी होटल लिमिटेडको मानार्थ अध्यक्ष (Chairman Emeritus) को उपाधि प्रदान गर्न शेयरधनीहरु समक्ष प्रस्ताव राखेको र त्यसलाई शेयरधनीहरुको यसै गरिमामय सभाले सर्वसम्मतीबाट पारित गरी वहाँलाई कम्पनीको मानार्थ अध्यक्षबाट शुशोभित गरेको प्रसङ्ग संस्मरण गराउनु भयो । हाल यस कम्पनीका मानार्थ अध्यक्ष, श्री प्रभाकर शम्शेर ज.ब.राणाज्यूको स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भई अस्वस्थ्य हुनुहुन्छ र वहाँको संयुक्त राज्य अमेरिकामा स्वास्थ्योपचार भईरहेको छ । श्री विजय बहादुर श्रेष्ठले सभा समक्ष मानार्थ अध्यक्ष, श्री राणाज्यूको शिघ्र स्वास्थ्य लाभको लागि समस्त शेरधनीहरुको तर्फबाट हार्दिक प्रार्थना गर्दै शिघ्र स्वास्थ्य लाभ गरी नेपाल फर्कन प्रार्थना गर्दै शुभकामना ब्यक्त गर्दछु भन्दै "Please get well soon" को सन्देश पुऱ्याई दिनुहुन समेत अनुरोध गर्नुभयो ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

२ कम्पनीको लगानी विस्तारको सम्बन्धमा कम्पनी सँधै अगाडि बढोस् भन्ने चाहना राख्दछौं भन्नु हुँदै हाल कम्पनीको शेयरको मूल्य खुला पूँजि बजारमा निकै खस्केको छ भन्नु भयो । वहाँले सो सम्बन्धमा विस्तृत अध्ययन गर्न समेत अनुरोध गर्नुभयो । साथै, पूँजि बजारको गिर्दो शेयर मूल्यलाई कसरी सुधार गर्न सकिन्छ भन्ने तर्फ समेत ध्यान दिनु पऱ्यो भन्नुभयो ।

३ सोल्टी होटल ५२ बर्षको भई सक्यो यत्ति धेरै लामो इतिहास बोकेको होटलेमा अहिले सम्म पनि एउटा नेपाली महाप्रबन्धक नियुक्त हुन सकेको छैन भन्दै नेपालमा होटलको संचालन गर्नका लागि कुशल र सक्षम नेपाली महाप्रबन्धक उपलब्ध नभएकै हो त ! भनि प्रतिप्रश्न गर्नुभयो । नेपाली महाप्रबन्धक हुनै पर्दछ भन्दै सो सम्बन्धमा अभिमत प्रकट गर्न सभा समक्ष अग्रह समेत गर्नुभयो । विदेशीहरु मात्रै होईन अब नेपालीहरु पनि त्यतिकै सक्षम छन् । नेपालीहरु विदेशका कतिपय होटेलहरुमा महाप्रबन्धकको रुपमा कार्यरत छन् भन्नुहुदै हाम्रो यस होटेलमा पनि नेपाली महाप्रबन्धक सहित कर्मचारी उत्तराधिकारी चयन योजना (Successation Plan) हुनुपऱ्यो भन्नुभयो । आगामी ४५औं वार्षिक साधारण सभामा नेपाली महाप्रबन्धकको उपस्थितिको लागि अनुरोध समेत गर्नुभयो ।

४ कम्पनीको समिक्षा आर्थिक वर्षको आर्थिक विवरणमा समावेश रहेको कम्पनीको वित्तीय स्थितिलाई विश्लेषण गर्दा कम्पनीको शेयर पूँजि भन्दा संचिति मुनाफा बढी छ । यस्तो खालको संचित मुनाफा फाइदा जनक मानिदैन । यो संचित रकमबाट अन्य व्यवसायिक गतिविधिहरु गर्नु पऱ्यो, नयाँ-नयाँ होटलहरु खोल्नु पऱ्यो तथा निश्कृय पूँजिलाई चलायमान गर्न नेतृत्वले गतिशिलता अपनाउनु पऱ्यो भन्नुभयो । भविष्यको जोखिमका लागि सँधैभरी रक्षात्मक अवस्थामा वस्नु भएन । संचिती मुनाफा मात्र बढाएर बसेमा भविष्यमा हामी धेरै पछाडि पर्ने संभावना रहन्छ भन्नुभयो । बजारमा धेरै नयाँ-नयाँ होटलहरुको प्रादुर्भाव भईसकेको छ, त्यसैले पनि हामी चलायमान हुनुपर्दछ भन्दै समिक्षा वर्षको यस होटेलको मुनाफा अन्य समकक्षी प्रतिशप्र्धी होटेलको तुलनामा कम रहेको तर्फ औल्याउदै शेयर मुल्यमा समेत तुलनात्मक समिक्षा गर्नुभयो । अब आउँदा दिनहरुमा पर्यटन व्यावसाय धरै नै चुनौतीपूर्ण हुने भन्दै प्रतिस्पर्धी होटलहरुले समेत सोल्टी होटेललाई चुनौती दिइरहेको अवस्था छ भन्नुभयो । त्यसैले आगामी दिनहरुमा अझबढी चुनौतीको सामनार्थ व्यवस्थापन पक्ष तम-तयार भई चनाखो हुनुपऱ्यो भन्नुभयो ।

५ होटलका प्रबन्धकको होटेल व्यवस्थापन संझौता सन् २०२१ मा समाप्त हुदैछ । त्यस पछि के हुने हो सो को सम्बन्धमा पनि सोच्न अग्रह गर्नुभयो ।

६ सोल्टी होटेलमा धेरै सक्षम कर्तब्यनिष्ठ, कर्मठ तथा ब्यवसायिक रुपमा दक्ष कार्यक्षमता भएका प्रतिभावान कर्मचारीहरु छन् । कार्मचारीहरु अत्यन्त मेहनती, कर्तव्यनिष्ठ, वस्तुनिष्ठ, व्यावसायिक एवं कुशल क्षमतावान छन् । त्यस्ता प्रतिभावान कर्मचारीहरुको पहिचान गरी मौका दिनु पऱ्यो । सोल्टी होटेलका अतिरिक्त बाहिरका होटलहरुमा धेरै जसो महाप्रबन्धकहरु सोल्टीका उत्पादन रहेको समेत स्मरण गराउनु भयो । मौका पाएमा ती प्रतिभाहरुले सोल्टी होटेलको व्यवस्थापन पनि गर्नसक्ने वहाँको ठम्याइ थियो ।

३. **श्री चन्द्र नारायण श्रेष्ठ**

१ शेयरको बजार मूल्य किन घटेको हो बुझ्न सकिएन ।

२ यस कम्पनीको शेयरको परल मुल्य प्रति शेयर १० भएकोले लगानीकर्ता झुक्किन सक्छन् । किनकी सबै कम्पनीको प्राय: शेयरको परल मुल्य १०० रुपैया रहेको छ ।

३ होटेलको खर्च बढी छ । अगामी बर्ष यो भन्दा बढी प्रतिफल दिनु पर्छ भन्ने आग्रह छ ।

४ कुल सम्पत्तिको खुद मुनाफा अनुपात १२% छ तथापी पी.इ. दर (PE Rate) राम्रो छ ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

५ कम्पनीको व्यवस्थापन, यसको संचालक समिति तथा समग्रमा कार्यसम्पादन राम्रो छ ।

६ पर्यटन उद्योग फस्टावस, राम्रो होस् भन्दै सबैलाई धन्यवाद ।

४. **श्री रामकृष्ण पन्त**

१ आय विवरणमा रहेको खर्चमा धेरै परिवर्तन भएको छ । यस कम्पनीले शेयरधनीहरुलाई अधिकतम लाभांश दिन सफल भएको छ जो सराहनीय कार्य हो ।

२ सोल्टी होटेलको स्थापना १९६० मा भएको हो र सो समयमा पर्यटनको विकाश गर्ने हेतुले श्री प्रभाकर शम्शेर ज.ब. राणाले सोल्टी होटलको स्थापना गर्नु भएको थियो । आज यो होटल विशाल बृक्ष सरह सुदृढताका साथ उभिएको छ अतः हामीले श्री प्रभाकर शम्शेर ज.ब. राणालाई सम्मान गर्नुपर्दछ ।

३ सोल्टी होटेलले सदैव अतिथी तथा अतिविशिष्ट ब्यक्ति तथा राष्ट्र प्रमुखहरुलाई स्वागत सत्कार तथा आतिथ्यता प्रदान गर्ने गर्दछ र यो देशकै गौरबपूर्ण संस्था हो । सोल्टी होटेलको ख्याती विश्वभरी फैलिएको छ ।

४ श्री प्रभावक शम्शेर ज.ब. राणा अहिले विरामी हुनुहुन्छ । वहाँको संयुक्त राज्य अमेरिकामा स्वास्थ्योपचार भईरहेको छ । श्री राणाको स्वास्थ्य लाभको प्रार्थनाको लागि सम्पूर्ण शेयरधनीहरुको तर्फबाट कामना गर्दै वहाँले निम्नलिखित प्रार्थनालाई समर्थन गर्न अनुरोध गर्नु भयो:–

**"सोल्टी होटल लिमिटेडको स्थापनाकाल देखि हाल सम्म होटेलको उन्नती, प्रगति एवं विकाशमा उल्लेखनीय योगदान गर्नु भएका पूर्व अध्यक्ष एवं कार्यकारी प्रमुख तथा वर्तमान अवैतनिक मानार्थ अध्यक्ष आदरणीय श्री प्रभाकर शम्सेर ज. ब. राणाज्यूको शीघ्र स्वास्थ्य लाभको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।"**

तत्पश्चात् सभाले श्री प्रभावक शम्शेर ज.ब. राणाज्यूको स्वास्थ्यलाभको मंगलमय शुभकामनालाई हृदय देखिनै करतल ध्वनीमा ताली बजाई समर्थन गर्दै पूर्ण स्वास्थ्य लाभको मंगलमय शुभकामना व्यक्त गऱ्यो ।

५ सोल्टी होटल लिमिटेडको साधारण सभा होटल बाहिर किन गर्नु पऱ्यो । आगामी बर्ष देखि आफ्नै होटेलमा साधारण सभा गर्नुपऱ्यो ।

६ होटेलको खर्च कम छ र आम्दानी बढी छ । कम्पनीले विविधीकरण अपनाएको छ । आगामी अर्थिक बर्षहरुमा पनि निरन्तरतामा ध्यान दिनुहोला भन्दै प्रस्तुत आर्थिक विवरणको समिक्षात्मक र तुलनात्मक अध्ययन सहित यसमा रहेका कमी कमजोरीहरुलाई सच्याउदै आर्थिक विवरणहरुलाई परिस्कृत गर्दै जानुहोला ।

७ यस सभाको छलफलको विषय नम्बर ५ मा वर्तमान कार्यकारी अध्यक्षको पारिश्रमिक एवं सुविधा निर्धारण गर्ने बिषयको सम्बन्धमा कम्पनीलाई सक्षम एवं कुशल नेतृत्व दिनुहुने कार्यकारी अध्यक्षज्यूको कार्यकालहरु निकै चुनौतीपूर्ण रहेका थिए भन्दै त्यस्तो प्रतिकुल अवस्थामा पनि कम्पनीलाई सुदृढताका साथ कति पनि विचलित नभई सक्षम नेतृत्व दिनुहुदै निरन्तर मुनाफामा आर्जन गरी कम्पनीका शेयरधनीहरुलाई लाभांशका रुपमा प्रतिफल दिन सफल हुनु भएका हाम्रा कर्यकारी अध्यक्षसँग सम्बन्धीत उक्त प्रस्तावलाई सर्वसम्मतीबाट पारित गर्नु पर्दछ भन्दै शेयरधनीको तर्फबाट समर्थन समेत जनाउनु भयो । साथै कुशल नेतृत्व, कार्यदक्षता, भविश्यको परिकल्पना गर्नसक्ने लामो अनुभव, मिलनसार, सहनशील, र सबैसंग समन्वय गर्न सक्ने ब्यक्तित्वका धनी सफल कार्यकारी अध्यक्षज्यू प्रतिकुल र विपरित परिस्थितिहरुमा पनि कम्पनीलाई नेतृत्व दिनुहुने तथा कम्पनीका कार्यक्षमतावान तथा दक्ष व्यवस्थापक समूहसँग समन्वय तथा तीनको नेतृत्वगरी कम्पनीलाई अनेकौं व्यावसायीक जोखिमबाट बचाउदै राम्रो परिणाम सहित कम्पनीका शेयरधनीहरुलाई राम्रो लाभांश प्रतिफल दिन, तथा होटेलको प्रसिद्धिमा

समेत अभिबृद्धि गर्न सक्षम हुनुभएका बहुआयामी व्यक्तित्वका धनी कार्यकारी अध्यक्षज्यूसँग सम्बन्धीत उक्त प्रस्तावलाई सभाबाट पूर्ण समर्थन गर्नुहुने विस्वास व्यक्त गर्नुभयो ।

## ५. श्री अशोक उप्रेती

१ सोल्टी होटेल नेपालको पर्यटन क्षेत्रमा एउटा स्तम्भको रुपमा रहेको छ र यस कम्पनीको शेयरधनी हुनु प्रत्येक व्यक्तिका लागि गौरबको विषय हो ।

२ वर्तमान कार्यकारी अध्यक्षले विगतका जुन परिस्थितिहरुबाट कम्पनीलाई हाँक्दै आजको स्थीतिमा ल्याउनुभएको छ त्यो ज्यादै प्रशंसनीय रहेको छ भन्दै उहाँलाई सम्पूर्ण शेयरधनीहरुको तर्फबाट तथा शेयर होल्डर एशोसियसनको तर्फबाट पनि हार्दिक बधाई सहित कृतज्ञता ज्ञापन गर्नुभयो ।

३ नेपालको वर्तमान परिवर्तित अवस्थामा सबैले सकारात्मक सोच राख्नु आवश्यक छ । त्यसै अवधारणा अनुरुप सकारात्मक दृष्ठिकोणबाट हेर्दा सोल्टी होटेलले अहिले जेजस्तो कार्यप्रगती तथा लाभांश प्रतिफल प्रदान गरेको छ त्यो अत्यन्त सन्तोषजनक छ । यस प्रकारको प्रगति, उन्नती र कार्यसम्पादनका गतिबिधिहरुलाई भविष्यमा पनि जारी राख्नुहोला र आगामी आर्थिक वर्षहरुमा पनि प्रतिफललाई सुनिश्चित गर्दै यसलाई निरन्तर दिनुहोला ।

४ कम्पनीको कार्यकारी अध्यक्षज्यूको कुशल नेतृत्व, कार्यक्षमता, र समन्वयकारी उत्कृष्ठ प्रदर्शनका कारण कम्पनीमा आईपर्ने विविध प्रतिकुल परिस्थितिहरुका वावजुद पनि शेयरधनीहरुलाई राम्रो प्रतिफल दिन सक्षम हुनुभएको सन्दर्भमा वहाँसँग सम्बन्धीत प्रस्तावलाई पूर्ण समर्थन गर्न समेत सबै शेयरधनीहरुलाई अनुरोध छ । कार्यकारी अध्यक्षज्यूलाई पुनः हार्दिक धन्यवाद ।

## ६. श्री दशरथ रिसाल

१ होटेलको कुल आम्दानीमा ६०% फ्लाईट क्याटरिङबाट र ४०% होटेलबाट आउँछ भन्ने सुनिन्छ त्यसमा केकसो हो ? यदि सही हो भने होटेलका रेष्टुरेष्टहरुबाट किन आम्दानी हुदैन त्यस तर्फ विचार गर्नुहोला ।

२ फ्लाईट क्याटरिङ युनिटमा काम गर्ने तल्लो तहका कर्मचारीहरु भन्दा अधिकृत तहका कर्मचारीहरु बढी छन् भन्ने सुनिन्छ किन त्यसो भएको हो विचार गर्नुहोला ?

३ सोल्टी होटेलको आम्दानी बृद्धि हुनुमा पार्टी प्यालेसहरुले गर्ने भोज-भतेर जस्ता आयोजनबाट आम्दानी बढेको हो भन्ने बुझिएको छ त्यसो भए कोठा विक्रिबाट आम्दानी बृद्धि गर्ने तर्फ विचार गर्नुहोला ।

४ होटेलका कोठाहरुको सम्बन्धमा बढी गुनासाहरु आउने गर्दछन भन्ने सुनिन्छ सो तर्फ पनि ध्यान दिनुहोला ।

५ यस सभाका पूर्ववक्ता एक जना पूर्व सञ्चालकज्यूले होटेलमा नेपाली महाप्रबन्धक ल्याउन आग्रह गर्नुभएको थियो । वहाँ सञ्चालकमा बहाल रहदा सो कुरा किन उठाउनु भएन स्पष्ट नभएतापनि होटेलमा नेपाली महाप्रबन्धक हुनुपर्दछ भन्ने विषयमा मेरो समर्थन छ । होटेलका महाप्रबन्धक विदेशी भए तापनि सो पद भन्दा तल्ला पदहरुमा नेपालीहरुलाई नियुक्त गर्नु पऱ्यो । अहिले महाप्रबन्धक भन्दा तल्ला केही पदहरुमा पनि विदेशी कर्मचारीहरु राखिएका छन् ।

६ होटेलमा काम गरे बापतका बिलहरुको भुक्तानी पाउन ढिलो हुन्छ भन्ने सुनिन्छ त्यो के कसो हो हेर्नुहोला । होटेलका युनिफर्म लगायतका विविध सामाग्रीहरु खरीद गर्दा उचित दृष्ठी पुऱ्याईएन भन्ने सुनिन्छ सो पनि हेर्नुहोला ।

७ विगतमा सोल्टी होटल लिमिटेडले होटेलका सबै पूँजिगत सामानहरु खरीद गर्ने गर्दथ्यो तर अहिले सबै समानहरु होटेलबाटै खरीद गर्ने गरिएको छ भन्ने सुनिन्छ त्यस तर्फपनि ध्यानाकर्षण गराउदछु ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

## १२. सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, बक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नुभएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनुभएको थियो ।

१ शेयरको बजार मूल्य बृद्धि भएन, स्थिर रह्यो भन्ने गुनासो आयो, शेयरको बजार मुल्य निर्धारणको सम्बन्धमा कम्पनीको कुनै पनि संलग्नता हुदैन । शेयरको बजार मूल्य नितान्त पूँजी बजारबाट निर्देशित हुने हो । विगत धेरै वर्ष देखी कम्पनीले राम्रो कार्यसम्पादन गर्दै आएको यहांहरुलाई विदितै भएको कुरा हो । कम्पनीको शेयर मुल्यलाई प्रभावित पार्न सक्ने सबै सूचनाहरु सहितका कम्पनीका त्रैमासिक अवधिका कार्यसम्पादनका सूचांकहरु नियमित रुपमा प्रकाशित गर्ने तथा नेपाल स्टक एक्सचेंजमा पठाउने गरिएको छ। कम्पनीले शेयर मूल्यमा असर पार्न सक्ने कुनै पनि सूचना सम्प्रेषणमा कहीकतै ढिलासुस्ती गरेको छैन । यस सम्बन्धमा हामी अत्यन्तै संवेदनसील छौं । कम्पनीबाट सम्प्रेषित तथा प्रवाहित सूचना, जानकारी र आवधिक आर्थिक प्रतिवेदनहरुलाई शेयर बजारले कसरी प्रतिक्रिया गर्दछ त्यो पूँजी बजारले निर्धारित गर्दछ । यस विषयमा शेयरधनीहरुले शेयर बजारकै अवस्थालाई विश्लेषण गर्नुपर्ने हुन्छ ।

२ ट्रेकिङ ट्रेल तथा पर्वतीय पर्यटनका गन्तब्यहरुमा सोल्टी हाटेलको उपस्थितिको सम्बन्धमा शेयरधनी महानुभावको सुझाव स्वागत योग्य छ साथै यो चुनौतिपूर्ण कार्य पनि हो । समीक्षा आर्थिक वर्षमा कम्पनीले नेपाली लगानी कर्ताहरुसँग मिलेर नेपालगञ्जमा होटेल स्थापना गरी परिक्षण संचालनमा ल्याईसकेको छ । त्यस्तै पोखरामा पनि निकट भविष्यमा कम्पनीले होटेल निर्माण गरी संचालन गर्ने परियोजना कार्यान्वयन गर्ने योजनामा कार्य भईरहेकोछ। ट्रेकिङ ट्रेल तथा पर्वतीय पर्यटनका गन्तव्यहरुमा ठूला होटेल संचालन गर्न नसकिएला तर पनि साना रिसोर्टस् होटेलहरुको सम्भावना हुन सक्दछ यस बिषयमा निश्चय पनि हामीले अध्ययन तथा विश्लेषण गर्नेछौं ।

३ शेयरधनी एवं पूर्व संचालक, श्री विजय बहादुर श्रेष्ठले नेपालीकरण गर्नुपऱ्यो भन्दै होटेलमा नेपाली महाप्रबन्धक नियुक्त गर्नुपर्दछ भन्ने विचार राख्नुभयो । सो सम्बन्धमा स्थानीय मानव संसाधनलाई प्रोत्साहन गर्नुपर्दछ भन्ने सम्बन्धमा मेरो अत्यन्तै सकारात्मक धारणा छ र वास्तवमा स्थानीय मानव संसाधनले प्राथमिकता पाउनु पर्दछ भन्नेमा मेरो कुनै पनि संदेह छैन तथापी अन्तर्राष्ट्रिय चेन होटेलहरुमा अन्तर्राष्ट्रिय स्तरको पहुँच भएको व्यक्ति पनि चाहिन्छ र ती होटेलहरुमा महाप्रबन्धक अन्तर्राष्ट्रिय चेन होटेलबाटै आउने गर्दछन । वास्तवमा नेपालमा पनि कुनै पनि अन्तर्राष्ट्रिय चेन होटेलमा नेपाली महाप्रबन्धक छैनन् । अन्तर्राष्ट्रिय चेन होटलमा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी कर्तव्यहरुको परिपालन गर्न र सो सम्बन्धी चुनौतीहरुको मुकाबिला गर्नका लागि पनि अन्तर्राष्ट्रिय चेन होटेलले विदेशी महाप्रबन्धक नियुक्त गर्ने गरेको हुन्छ ।

४ कम्पनीको जगेडा तथा संचित नाफा धेरै भएको सम्बन्धमा विगतका असहज समयमा पर्यटनका सूचांकहरु ओरालो लागिरहँदा हाम्रो कम्पनीलाई जगेडा तथा संचित नाफाले धानेको तथ्यले पनि जगेडा तथा संचित नाफालाई धेरै विचार पुऱ्याएर चलाउनु पर्दछ भन्ने बुझ्न सकिन्छ । जनयुद्धताका कम्पनी नगद घाटामा थियो तथापी कम्पनीको जगेडा तथा संचित नाफा बलियो भएकोले हाम्रो आर्थिक अवस्थामा कुनै पनि अस्थिरता उत्पन्न भएन । अहिले जुन किसिमले नयाँ होटेल धमाधम संचालनमा आउदैछन् वा आइसकेका छन् त्यसलाई विश्लेषण गरेर मात्रै सो सम्बन्धमा अगाडीको नीति निर्धारण गर्नुपर्दछ । सन् २०१८ को पर्यटक



सोल्टी होटल लिमिटेड काठमाण्डौं

आगमनमा २५ प्रतिशतले बढेको तथ्यांक छ जो राम्रो अभिबृद्धि पनि हो तर त्यो स्थिर वा अभिबृद्धि भएन भने निकै ठूलो प्रतिष्पिर्धाको अस्वस्था आउन सक्दछ त्यस बेलामा हाम्रो जगेडा तथा संचित नाफाले शसक्त भूमिका खेल्नेछ । समग्रमा हाम्रो भविष्यको पर्यटनको अभिबृद्धिको अवस्थाको विश्लेषण गरे पछि मात्रै सो सम्बन्धमा केही नीति लिन सकिन्छ । कम्पनीले प्रत्येक आर्थिक वर्षको मुनाफाको ५० प्रतिशत निरन्तर रुपमा लाभांशको रुपमा वितरण गर्दै आएको छ । मुनाफाको बाँकी रहेको ५० प्रतिशतलाई हामीले जगेडा तथा संचित नाफामा राख्ने गर्दछौं जसलाई होटेलको आधुनिकीकरण तथा स्तरोन्नती गर्ने तथा अत्याधुनिक सुबिधा तथा सेवाहरुबाट होटेललाई परिस्कृत गर्ने कार्यमा प्रयोग गरिरहेका छौं । अनिश्चित भविष्यको सुनिश्चितताको लागि नै जगेडा तथा संचित नाफालाई संरक्षण गरिएको हो ।

५ हाम्रो कम्पनी वास्तवमा अत्यन्त प्रभावन क्षमता दरमा (Leverage Rate) छ हामीले प्रत्येक आर्थिक वर्ष २५ देखि २६ प्रतिशत सम्म लगातार प्रतिफल वितरण गरिरहेका छौं । हाम्रो कम्पनी न्यून गियरिंग अनुपात भएको कम्पनी हो ।

६ अन्य प्रतिष्पर्धी होटलहरुको तुलनामा यस होटेलको मुनाफा कम भएको सम्बन्धमा समीक्षा आर्थिक बर्षमा हाम्रो होटेलको हिमालयन विंग भवनका १०५ कोठाहरु स्तरोन्तीका लागि प्रथम तीन महिना सम्म पूर्णतः बन्द गरिएको थियो तथापी तुलनात्मक रुपमा असर न्युन रहेको छ । त्यसले गर्दा पनि मुनाफा प्रतिष्पर्धी होटलहरुको तुलनामा कम भएको जानकारी गराउदछु ।

७ कम्पनीको बार्षिक साधारण सभा आफ्नै होटेल परिसरमा गरिरहेको अवस्थामा गत वर्ष देखि बाहिर गर्न थालिएको सम्बन्धमा यहाँहरुलाई म स्मरण गराउन चाहन्छु कि कम्पनीको शेयर सर्वसाधारणलाई जारी गरी जनसाधारणमा गएपछिको पहिलो १९औं बार्षिक साधारण सभा २०५० सालमा यसै प्रेक्षालयमा भएको थियो त्यस पछिका तीनवटा बार्षिक साधारण सभाहरु यसै सभाहलमा भएका थिए भने एउटा चाहि राष्ट्रिय सभागृहमा भएको थियो । यसमा बार्षिक साधारण सभामा धेरै भन्दा धेरै शेयरधनीहरुलाई उपस्थिति गराउने असल नियतले गत वर्ष देखी ठूला सभाहलहरुमा बार्षिक साधारण सभा गर्ने निर्णय गरिएको हो । होटेलको हल सानो भई विगतका बार्षिक साधारण सभाहरुमा लगातार शेयरधनीहरु हलभित्र नअटे पछि मात्रै ठूला र फराकिला सभाहलमा वार्षिक साधारण सभा गरी सबै शेयरधनीहरुलाई समेट्ने प्रयास गरेका छौं, यसलाई शेयरधनीमहानुभावहरुले अन्यथा लिनु भएन अन्य विशेष कुनै कारण छैन । नियमित साधारण सभामा उपस्थित हुनुहुने कतिपय शेयरधनी महानुभावहरुलाई सभाहलमा ठाउँ नभएको वास्तविकता स्मरण पनि हुनु पर्दछ ।

८ शेयरधनी महानुभावहरुले व्यावस्थापनको चुस्तता तथा कार्यदक्षता प्रति देखाउनु भएको भरोषा तथा विश्वाश प्रति म, हामी सबै सोल्टी परिवारको तर्फबाट अभार व्यक्त गर्दै धन्यवाद टक्राउन चाहन्छु । होटेलको राम्रो कार्यसम्पादन हुनुमा मेरो मात्रै भुमिकाले महत्व राख्र्दैन प्रत्येक कर्मचारी गेटमेन देखी चेयरमेन सम्म सबैको समान कर्तव्यनिष्ठा, कार्यक्षमता, कार्यकुशलता र कठोर परिश्रमले महत्वपूर्ण भुमिका खेलेको हुन्छ तथा प्रत्येक कर्मचारीको योगदानले गर्दा हाम्रो स्थान अब्बल छ र हामीले ख्याति प्राप्त गर्न सक्षम भएका हौं । यो सोल्टी परिवार सबैको सामुहिक प्रयास र मेहनतको परिणाम हो । यसमा मेरो व्यक्तिगत योगदान भन्दा पनि पुरै समूहको कार्यकुशलता, कार्यसम्पादन र ब्यावसायिक कार्यक्षमताको उपलब्धी भएकोले यसमा मेरा सबै सहकर्मीहरुको योगदान अत्यन्त प्रशंसनीय छ र त्यसका लागि वहांहरु सबैजना धन्यवाद तथा कदरका पात्र हुनुहुन्छ ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

९ शेयरधनी श्री दशरथ रिसालज्यूले उठाउनु भएको कम्पनीको आन्तरिक व्यवस्थापनसँग सम्बन्धीत विषयहरु माइक्रो लेभलका विषयहरु हुन र शेयरधनीले त्यस किसिमका सुक्ष्म व्यावस्थापनसंग सम्बन्धित विषयहरुमा यदी कुनै कमीकमजोरी देख्नु भएमा तुरुन्तै त्यसको जानकारी कम्पनीका कार्यकारी अध्यक्ष वा कम्पनी सचिवको कार्यालयलाई गराउनु हुन हाम्रो अनुरोध छ यसका लागि हामी जुनसुकै बेला उपलब्ध छौं । त्यसता बिषय औल्याउनका लागि शेयरधनी महानुभावहरुले बार्षिक साधारण सभानै कुर्नु पर्दैन । कृपया, कुनै पनि त्यस्ता विषयहरु जसबाट होटेलको हित हुन्छ, पाउनु भएमा शेयरधनी महानुभावहरुलाई मेरो अनुरोध छ कि त्यस्ता विषयहरुको जानकारी तत्कालै हामीलाई गराउनुहोस् । कम्पनीका कम्पनी सचिव तथा कानून विभागमा समेत सम्पर्क राखी त्यस्तो किसिमको जानकारी दिन सक्नु हुन्छ । शेयरधनी महानुभावहरुले पनि सुनेकै भरमा निश्कर्ष निकाल्नु भएन, जस्तै फ्लाईट क्याटरिङ युनिटमा काम गर्ने तल्लो तहका कर्मचारीहरु भन्दा अधिकृत तहकाहरु कर्मचारी बढी छन् भन्ने जस्ता विषय उठान गर्दा त्यसको वास्तविकता तथा सत्यापन तर्फ पनि सोच्नु पर्‍यो, त्यसमा कुनै सत्यता हुनै सक्दैन ।

अन्त्यमा शेयरधनी महानुभावहरुको कम्पनीको हितमा हुने कुनै पनि सल्लाह र सुझाहरु छन् भने यहांहरुले वार्षिक साधारण सभा नै कुर्नु पर्छ भन्ने छैन हामी सँधैव यहांहरुको सुझाव सल्लाह ग्रहण गर्न तयार छौं र सो सम्बन्धमा हाम्रो सञ्चाक समिति सँधैनै तत्पर रहनेछ । यहांहरुले कुनै पनि उचित विषयमा सल्लाह सुझाव अथवा जानकारी दिनु परेमा कम्पनीका कम्पनी सचिव मार्फत हामी समक्ष पुर्‍याउनु भएमा हामी अनुग्रिहित हुनेछौं र मेरो हार्दिक अनुरोध समेत छ ।

समस्थ आदरणीय शेयरधनीमहानुभावहरुमा मेरो हार्दिक शुभकामना सहित धन्यवाद !

## १३. सभाको निर्णय

### (क) समान्य प्रस्ताव

१. निर्धारित छलफलको विषय सूचि नम्बर (क) (१) अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्बसम्मतिबाट **संचालक समितिको आर्थिक वर्ष २०७४/७५ (२०१७/१८) को वार्षिक प्रतिवेदन** पारित गर्‍यो ।

२. निर्धारित छलफलको विषय सूची नम्बर (क) (२) अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०७५ आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण),** सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements)** र तत्सम्बन्धी टिप्पणीहरु लगायतका



सोल्टी होटल लिमिटेड काठमाडौं

वित्तीय विवरणहरु उपर छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. निर्धारित छलफलको विषय सूची नम्बर (क) (३) बमोजिम कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई **चुक्ता पूँजीको १६.३१५७८९४७** (सोह्र दशमलव तीन एक पांच सात आठ नौ चार सात) **प्रतिशतका दरले नगद लाभांश** प्रदान गर्न गरेको प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

४. निर्धारित छलफलको विषय सूची नम्बर (क) (४) अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम **आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९)** का लागि कम्पनीको **बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक** निर्धारण गर्ने प्रस्तावको सम्बन्धमा, **आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९)** को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले **४४औं बार्षिक साधारण सभा (सभा)** समक्ष प्रस्ताव पेश गर्नु भएकोमा छलफल पश्चात् सभाले लेखापरीक्षण समितिको सिफारिश भए बमोजिम **श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्,** काठमाण्डौं लाई **आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९)** का लागि **मुल्य अभिबृद्धि कर** (VAT) **बाहेक वार्षिक रु. ४,५०,०००/–** (अक्षेरुपी चार लाख पचास हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) दिने गरी कम्पनीको **बैधानिक लेखापरीक्षण** तथा सोही **आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९)** को लागि **मुल्य अभिबृद्धि कर** (VAT) **बाहेक वार्षिक रु. ७५,०००/–** (अक्षेरुपी पचहत्तर हजार मात्र) दिने गरी कम्पनीको **कर लेखापरीक्षण** गर्न कम्पनीको **बैधानिक लेखापरीक्षक तथा कर लेखापरीक्षक** नियुक्त गर्ने प्रस्तावलाई **४४औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।**

सो प्रस्तावको सिफारिश लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष प्रस्तुत गर्नु भएको थियो ।

सो प्रस्ताव पारित हुनुअघि ४४औं वार्षिक साधारण सभाका सभापतिज्यूको अनुमतिले लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष सो सम्बन्धमा सिफारिश प्रस्तुत गर्नु हुदै उक्त प्रस्ताव पारित गर्न सभा समक्ष अनुरोध गर्नु भएको थियो । आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक विषयको

सोल्टी होटल लिमिटेड काठमाण्डौं

सम्बन्धमा कम्पनीको लेखापरीक्षण समितिमा बिस्तृत छलफल भई वर्तमान वैधानिक लेखापरीक्षक श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौंको कार्यकाल ४४औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुने भएको भएतापनि निवर्तमान लेखापरीक्षक श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस् कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम पुर्ननियुक्तिका लागि योग्य भएको जानकारी सभा समक्ष गराउनु भयो ।

आर्थिक वर्ष २०७५/७६ (२०१८/१९) को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने विषयमा कम्पनीको लेखापरिक्षण समितिमा विस्तृत छलफल पश्चात् निवर्तमान लेखापरीक्षक श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्को लेखापरीक्षणको कार्यसम्पादन सन्तोषजनक रहेको मुल्यांकन तथा निष्कर्ष सहित सोहि संस्थालाई नै चालु आर्थिक वर्ष २०७५/७६ (२०१८/१९) को लागि पनि कम्पनीको वैधानिक लेखापरीक्षकमा पुनःनियुक्त गर्न शिफारिश गर्ने लेखापरीक्षण समितिबाट सर्वसम्मत निर्णय भई सो सम्बन्धमा कम्पनीको यस ४४औं वार्षिक साधारण सभा समक्ष स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम श्री पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्, काठमाण्डौंलाई वैधानिक लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव पेश गर्दै सो प्रस्तावलाई यस ४४औं बार्षिक साधारण सभाबाट पारित गर्नुहुनका लागि हार्दिक अनुरोध समेत गर्नु भयो ।

साथै, लेखापरीक्षकको पारिश्रमिकको सम्बन्धमा उक्त बैठकले श्री पिकेएफ टी आर उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्को पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिमा छलफल पश्चात् विगत केही वर्ष देखी लेखापरीक्षण शुल्क नबढेको परिप्रेक्ष्यमा चालू आर्थिक वर्ष २०७५/७६ (२०१८/१९) को लागि कम्पनीको बैधानिक लेखापरीक्षण (Statutory Audit) को लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. ४,५०,००० (रुपैयां चार लाख पचास हजार मात्र) र कम्पनीको चालू आर्थिक वर्ष २०७५/७६ (२०१८/१९) को कर लेखापरीक्षण (Tax Audit) गर्नको लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. ७५,००० (पचहत्तर हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरी सो प्रस्तावलाई यस सभाबाट स्वीकृत गरी पारित गर्नका लागि समितिले यस ४४औं वार्षिक साधारण सभा समक्ष सिफारिश गरेको जानकारी गराउनु भयो ।

श्री श्रेष्ठले लेखापरीक्षण समितिको सर्वसम्मतीबाट सिफारिश भए अनुसार पिकेएफ टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्, काठमाण्डौंलाई बैधानिक लेखापरीक्षण (Statutory Audit) को लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. ४,५०,००० र कर लेखापरीक्षण (Tax Audit) गर्नको लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक रु. ७५,००० पारिश्रमिक (लेखापरीक्षण शुल्क) पाउने गरी कम्पनीको **बैधानिक तथा कर लेखापरीक्षक** नियुक्तिको प्रस्ताव पारित गर्नका लागि ४४औं बार्षिक साधारण सभा समक्ष हार्दिक अनुरोध समेत गर्नु भएको थियो ।



सोल्टी होटल लिमिटेड
काठमाण्डौं

**तत्पश्चात सभाले उपरोक्त बमोजिम कम्पनीको ४४औं वार्षिक साधारण सभा समक्ष पेश भएको कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सामान्य प्रस्तावलाई सर्वसम्मतिबाट पारित गर्‍यो ।**

५. निर्धारित छलफलको विषय सूची नम्बर (क) (५) अनुरुप कम्पनीको संचालक समितिबाट सिफारिश भए बमोजिम कम्पनीका **कार्यकारी अध्यक्ष को पारिश्रमिक तथा सुविधाहरु** पारित गर्ने प्रस्ताव सभा समक्ष पेश हुंदा कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरु स्वीकृत गर्ने प्रस्ताव सभाको सभापतित्व गरिरहनु भएका श्री बिष्टज्यूसंग प्रत्यक्ष सम्बन्धित रहेको र निजि सरोकारको बिषय भएकोले श्री बिष्टज्यूले यस विषयको छलफलमा भाग नलिनु हुने जानकारी सभालाई गराउनु भयो ।

तत्पश्चात्, सभापतिज्यूले छलफलको यो विषयलाई संचालन गर्नको लागि संचालक समितिका सदस्य एवं संचालक समितिको **पारिश्रमिक पुनरावलोकन समिति**का संयोजक श्री रवि भक्त श्रेष्ठज्यूलाई हार्दिक अनुरोध गर्नु भयो । सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष श्री बिष्टज्यू छलफलको यो विषयमा सहभागी हुनु भएन ।

सभापतिको अनुमतिले, संचालक समितिका सदस्य एवं संचालक समितिको पारिश्रमिक पुनरावलोकन समिति (Remuneration Revision Committee) का संयोजक श्री रवि भक्त श्रेष्ठज्यूले छलफलको यो विषयलाई संचालन गर्नु हुँदै, कम्पनीका कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन सम्बन्धमा अध्ययन गरी ४४औं वार्षिक साधारण सभाबाट स्विकृतिका लागि कम्पनीको संचालक समितिको मिति २०७५ कार्तिक २९ गते तदनुसार १५ नोभेम्बर २०१८ का दिन बसेको २२०औं बैठकले कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन सहित पुनर्निधारण गरि वहांको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकनका लागि संचालक समिति समक्ष आवश्यक सिफारिश गर्नको निम्ति कम्पनीको कार्यसंचालन तथा व्यवस्थापनमा संलग्न नरहनु भएको संचालक समितिका सदस्यहरु, संचालक श्री रवि भक्त श्रेष्ठको संयोजकत्वमा गठित संचालक, श्री शशिराज पाण्डे, संचालक, श्री निरन्जन कुमार टिवरेवाला र संचालक, श्री प्रकाश बिक्रम खत्री रहनु भएको विद्यमान चार सदस्यीय संचालक समितिको उपसमिति पारिश्रमिक पुनरावलोकन समिति (Remuneration Revision Committee) लाई सक्रिय गराई कार्यभार दिएको जानकारी गराउनु भयो ।

श्री रवि भक्त श्रेष्ठज्यूले कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक निर्धारण पछिल्लो समय २०७१ साल पौष २७ गते तद्नुसार ११ जनवरी २०१५, मा बसेको कम्पनीको ४०औं वार्षिक साधारण सभाबाट भएको थियो र त्यसपछि, वहांको पारिश्रमिक तथा

सोल्टी होटल लिमिटेड काठमाण्डौं

सुबिधाहरुमा गत ४ (चार) वर्ष देखि कुनै पनि वृद्धि नभएको जानकारी सभा समक्ष गराउनु भयो ।

कम्पनीका अधिकृत लगायत सबै कर्मचारीहरुले वार्षिक वृद्धि पाउने परिपेक्ष्यमा वहांको तलब वृद्धिका साथ साथै समयानुसार कार्यकारी अध्यक्ष पद अनुसारको पारिश्रमिक तथा सुविधाहरु हुनुपर्ने हुंदा उप समितिले कम्पनीका कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरुको पुर्ननिंधारण सम्बन्धमा बिस्तृत र बिश्लेषणात्मक अध्ययन गरेको थियो ।

सिफारिश गर्दा मुख्यतः विगत चार आर्थिक वर्ष २०७१/७२ देखी २०७४/७५ सम्म सोल्टी होटेलका अधिकृत तहका कर्मचारीहरुलाई पारिश्रमिक अन्तर्गत तलब, भत्ता तथा सुविधाहरुमा भएको बार्षिक नियमित बृद्धि दर तथा सम्वन्धित आर्थिक वर्षहरुमा नेपाल राष्ट्र बैंक र नेपाल सरकारले प्रतिवेदन वा प्रकाशित गरे अनुसार विगत चार आर्थिक वर्षको अवधिमा मुलुकमा विद्यमान मुद्रा स्फितिको दरलाई समेत आधार बनाईएको उल्लेख गर्नु भयो ।

समग्रमा, श्री रवि भक्त श्रेष्ठज्यूले  कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको शसक्त, सबल, सुदृढ र कुशल नेतृत्वमा यस कम्पनीले निरन्तररुपमा उल्लेख्य कार्यप्रगति गरी रहेको छ भन्नु हुदै व्यावस्थापनमा आई पर्ने विविध व्यवधानहरुको वाबजूद पनि कम्पनीको व्यवसायमा महत्वपूर्ण र उल्लेख्य अभिबृद्धि भईनै रहेको छ । कम्पनीले निरन्तर मुनाफामा आर्जन गर्न सफल भई रहेकोछ, परिणामस्वरुप शेयरधनीहरुलाई लगानीको प्रतिफल प्रत्येक वर्ष निरन्तर प्राप्त भई रहेको र सो कम्पनीको वित्तिय विवरणहरुबाट प्रष्ट भएको जानकारी सभा समक्ष राख्नु भयो ।

कम्पनीको संचालक समितिले पारिश्रमिक पुनरावलोकन समितिले संचालक समिति समक्ष पेश गरेको सिफारिश उपर विस्तृत छलफल तथा बिचार बिमर्श पश्चात् कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधा पुनरावलोकन सम्बन्धि प्रस्तावलाई मिति २०७५ पौष २५ गते तद्नुसार ९ जनवरी २०१९ मा बसेको संचालक समितिको २२१औं बैठकबाट **२०७५ श्रावण १ गते तदनुसार १७ जुलाई २०१८ देखि लागू हुने गरी आगामी ४ (चार) वर्षका लागि** कम्पनीको ४४औं वार्षिक साधारण सभाको स्विकृतिको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतिबाट निर्णय गरी कम्पनीको ४४औं वार्षिक साधारण सभाबाट स्विकृतिको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतिबाट निर्णय गरे बमोजिम प्रस्तुत प्रस्तावलाई स्वीकृति प्रदान गर्नको लागि सभा समक्ष देहाय बमोजिमको साधारण प्रस्ताव पेश गर्नु हुदै सो प्रस्ताव पारित गर्न अनुरोध समेत गर्नुभयोः–

**कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुः**

| A. | EMOLUMENTS | Rs. |
| --- | --- | --- |

सोल्टी होटल लिमिटेड काठमाडौं

**SALARY SHEET**

| | | |
|---|---|---|
| Basic Salary | 2,50,000 | |
| Allowances | 2,00,000 | |
| **TOTAL** | **4,50,000** | **Per month** |

Additional Effect

| | | |
|---|---|---|
| 10% Provident Fund | 25,000 | Per month |

**B.** **BENEFITS**

1. **Rs. 50,000 per month** as **maintenance expenses** in lieu of accommodation.

2. Resident's **electricity, telephone both Landline** as well as **mobile, internet, water** supplies to be paid **on actual.**

3. **Car** facility with **Driver**. The car used by the Executive Chairman (EC) shall be **changed every five years**. Once EC ceases to be part of BOD after completion of his tenure, the car thus used by him shall be **transferred to him for his personal use** in recognition of his **long Service to the Board**.

4. **Membership** (Annual)

   a) The Institute of Chartered Accountants of **Nepal and India**

5. **Medical insurance** policy for **self, spouse**, and **dependent children** insurance premium not exceeding **Rs. 25,000 per annum.**

6. Business **Entertainment** as required.

7. **Free Laundry** facilities with family not exceeding **Rs 24,000 per annum**

8. **Travelling** – to attend **4 (Four) International Conferences** with spouse with due information to the Board of Directors and **other duty tours as required**.

9. **LTA with spouse and children once a year** not exceeding **Rs. 7,50,000**

10. **Food Allowance of Rs 50,000** per month

11. **Yearly Performance Allowance** of **1.75% of the Profit Before Tax** (PBT) of the Company from **the financial year of 2018/2019 (2075/76)** in lieu of existing monthly performance allowance for a Profit Before Tax **up to Rs. 40 crores**.

    For a Profit Before Tax **above Rs. 40 crores** performance allowance will be **0.5%** for an **additional increase** of the Profit Before Tax of the Company.

    In case the Profit Before Tax goes below Rs 40 Crores due to the addition of extra rooms in the hotel and its impact due to debt servicing, the Board shall **appropriately review** the package.

सोल्टी होटल लिमिटेड काठमाण्डौं

**Note NFRS impact on Performance allowance paid during the fiscal year 2015/16 and 2016/17 total amounting to NRS 38,82,603 will be adjusted with the Performance Allowance for 2017/2018 due to implementation of NFRS in the fiscal year 2017/18.**

12. **Gratuity, Bonus**, and **Service Charge** amount shall be made available to him as per the rule and regulations of the company and the prevailing laws of Nepal.

**Further, the increment be made effective from 17th July 2018 (1 Shrawan 2075) for four years.**

श्री रवि भक्त श्रेष्ठज्यूले कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरु सम्बन्धी उपरोक्त प्रस्तावलाई मिति **२०७५ श्रावण १ गते तदनुसार १७ जुलाई २०१८ देखि लागू हुने गरी चार (४) वर्षको लागी** ४४औं वार्षिक साधारण सभाबाट स्विकृत गरी पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गर्नु हुंदा सभाले प्रस्ताव गरे बमोजिमको कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो ।

(ख) विशेष प्रस्ताव

६. सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषयसूची नम्बर (ख) (६) बमोजिम संचालक समितिले लिन मन्जुर तथा **चुक्ता पूँजीको १० (दश)** प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले **बोनस शेयर** वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा **चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital)** बृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई **१० (दश)** प्रतिशत बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो तथा सोहि अनुसार लिन मन्जुर तथा **चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital)** लाई बृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

उपरोक्त अनुसार बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखी निरन्तर रुपमा अपनाउदै आएको निति अनुसार ०.५० देखि ०.९ सम्मको **भिन्नअंक (fraction)** आएमा शेयरधनीबाट बांकी शेयर बराबरको अंकित मुल्य लिई १ कित्ता शेयर दिने र ०.१ देखि ०.४ सम्मको भिन्नअंक **(fraction)** आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित मुल्य बराबरको बांकी रकम नगद फिर्ता दिइनेछ ।

(ग) विविध

सोल्टी होटल लिमिटेड काठमाण्डौं

७. **विविधः अध्यक्षको अनुमति अनुसार ।**

निर्धारित छलफलको विषय सूची (ग) (७) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

## १४. धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ४४औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सवैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

## १५. सभा विसर्जन

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले दिउसो २.०० बजे कम्पनीको ४४औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नुभयो ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

Soaltee Hotel Limited
★ ★ ★ ★ ★

**अनुसूची १**

**(४४औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ९ संग सम्बन्धित)**

## अध्यक्षज्यूको मन्तब्य

**आदरणीय शेयरधनी महानुभावहरु,**

**संचालक समितिका सदस्य महानुभावहरु,**

**व्यावस्थापन समुहका पदाधिकारीहरु,**

**कानूनी सल्लाहकारहरु, लेखापरीक्षकहरु, तथा उपस्थित महिला एवं सज्जनवृन्द,**

कम्पनीको यस ४४औं वार्षिक साधारण सभामा पाल्नु हुने समस्त शेयरधनी महानुभावहरु र यस सभामा उपस्थित महिला एवं सज्जनवृन्दमा मेरो तथा संचालक समितिका सदस्यहरु तथा सम्पूर्ण सोल्टी होटेल परिवारको तर्फबाट यहांहरु सबैमा सहृदय कृतज्ञता तथा आभार व्यक्त गर्दै हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु ।

कम्पनीको आर्थिक वर्ष २०७४/०७५ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ वार्षिक आर्थिक विवरणहरु, २०७५ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र कम्पनी तथा कम्पनीका सहायक कम्पनीहरु सोल्टी हस्पिटालिटी लि. र एच. आई. सोल्टी होटेल कम्पनी प्रा. लि. को आर्थिक वर्ष २०७४/०७५ का वित्तीय विवरणहरु समेत समावेश गरी तयार गरिएको एकिकृत आर्थिक विवरणहरु, एवं तत्सम्बन्धी व्याख्यात्मक टिप्पणीहरु सहित नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार पारिएको **४४औं वार्षिक प्रतिवेदन** यहांहरु समक्ष प्रस्तुत गर्न पाउदा हामीले गौरबको अनुभुति गरिरहेका छौं ।

शेयरधनी महानुभावहरुले कम्पनीको समिक्षा आर्थिक वर्षको वार्षिक प्रतिवेदनबाट कम्पनीको यर्थाथ आर्थिक अवस्था तथा कार्यप्रगतीको लेखाजोखा तथा विश्लेषण गरी सक्नु भएको छ भन्ने मैले ठानेको छु ।

संक्षेपमा समीक्षा आर्थिक वर्ष २०७४/७५ को व्यवसायीक गतिविधिबाट प्राप्त आम्दानी तथा कार्यप्रगतीको सिंहालोकन गरी विश्लेषण गर्दा कम्पनीको व्यवसायिक कारोबारबाट प्राप्त प्रतिफल सन्तोषजनक रहेको छ ।

समीक्षा आर्थिक बर्ष २०७४/७५ को कुल आम्दानी गत आर्थिक वर्षको दाँजोमा लगभग २ प्रतिशतले बृद्धि भएको छ । समीक्षा आर्थिक वर्षको कुल आम्दानी जम्मा १ अर्ब ६७ करोडको हाराहारीमा रहेको छ । समीक्षा आर्थिक वर्षमा कम्पनीले लगभग ४२ करोड २४ लाख नगद मुनाफा आर्जन गरेको छ । त्यसैगरी, समीक्षा आर्थिक वर्षमा कम्पनीको कर पश्चातको खुद मुनाफा लगभग २७ करोड ९२ लाख रहेको छ ।

होटेल संचालन सम्बन्धी खर्चहरुमा प्रभावकारी रुपले मितव्ययीता अपनाई व्यावस्थापनले खर्च नियन्त्रणमा पूर्ण दृष्टि पुऱ्याएको तथा संचालक समितिको निरन्तर तथा प्रभावशाली सक्रिय समन्वय तथा निगरानीबाट यसवर्षको खर्चमा समेत उल्लेख्य कमी ल्याउन सफल भएबाट मुनाफामा समेत अभिवृद्धि परिलक्ष्यित भएको छ ।

समीक्षा आर्थिक वर्ष २०७४/७५ मा होटेलको हिमालयन विंग भवनका कोठाहरूको स्तरोन्नती तथा भित्री साजसज्जा गरी पुर्ननिर्माण कार्य तथा भर्टिकल साफ्ट अर्थात पुराना वातानुकलन तथा प्लम्बिङ पाइप लाइनहरुको परिवर्तन तथा पुर्ननिर्माण

सोल्टी होटल लिमिटेड काठमाण्डौं

कार्यका लागि सो भवनका सबै १७७ वटा कोठाहरु समीक्षा आर्थिक वर्षको प्रथम चार महिना सम्म पूर्णतः बन्द गरिएको भएतापनि होटेलको व्यावस्थापन पक्षको कार्यकुशलता, व्यावसायीक सक्षमता तथा उचित सर्तकताको कारण समीक्षा आर्थिक वर्ष २०७४/७५ को होटेलको कुल आय आर्जनमा गतवर्षको दाँजोमा समष्ठिगत रुपमा हेर्दा कुनै प्रतिकुल असर परेको छैन।

समीक्षा आर्थिक वर्ष २०७४/७५ देखी कम्पनीका वित्तीय विवरणहरु नियामक निकायले जारी गरेको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) को अनुपालना गर्दै प्रस्तुत गरिएको छ। नेपाल वित्तीय प्रतिवेदन मानको प्रावधान बमोजिम गत वर्ष सहित वित्तीय विवरणका अंकहरुलाई आवश्यकता अनुसार पुर्नवर्गीकरण, पुर्नगणना, पुर्नसमुहीकीकरण तथा पुर्नसमायोजन गरिएको समेत जानकारी गराउदछु।

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीका संस्थापक एवं लब्धप्रतिष्ठित उद्योगपति एवं नेपालको पर्यटन विकास र प्रवर्द्धनमा अग्रणीय भूमिका निष्पादन गर्नुभएका नेपालको समग्र औद्योगिक विकास समेतको जगका प्रणेता, बिशेष गरेर पर्यटन उद्योग क्षेत्रको विकासको परिकल्पनाका मूर्धन्य प्रर्वतक मुलुककै बिशिष्ट र सम्मानित व्यक्तित्व हाम्रो कम्पनीका मानार्थ अध्यक्ष श्री प्रभाकर सम्शेर जंग बहादुर राणाज्यू स्वास्थ्य उपचारका लागि संयुक्त राज्य अमेरिका जानु भएकोमा उपचारकै क्रममा वहांको स्वास्थ्यमा जटिलता उत्पन्न भई गम्भीर रुपमा अस्वस्थ्य हुनुहुन्छ र वहांको हाल अमेरिकाको न्यूर्योक स्थीत एक अस्पतालको सघन उपचार कक्षमा उपचार भई रहेको छ। म यस अवसरमा कम्पनीका शेयरधनीहरु, संचालक समितिका सदस्यज्यूहरु, तथा होटेलका कर्मचारीहरुको तर्फबाट वहांको शीघ्र स्वास्थ्यलाभको प्रार्थना गर्दै सुस्वास्थ्यको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

गत वर्ष सन् २०१७ मा नेपालमा लगभग ९ लाख ४० हजार २ सय १८ पर्यटक नेपाल भ्रमणमा आएका थिए। ताजा उपलब्ध तथ्यांक अनुसार वर्ष इश्वी सन् सम्बत् २०१८ अर्थात जनवरी २०१८ देखि दिसम्बर २०१८ सम्मको अवधिमा हवाई मार्ग हुदै नेपाल भ्रमणका लागि आउने पर्यटकहरुको सँख्या कुल ११ लाख ७७ हजार ७३ पुगेको छ  र यो सँख्या गत वर्षको सोहि अवधिको तुलनामा २५.१९ प्रतिशतले बृद्धि भएको छ। औषतमा पर्यटकहरू को नेपाल बसाई लगभग १४ दिन हुने गर्दछ र एक जना पर्यटकले औषत एक दिनमा लगभग ५३ देखि ५८ अमेरिकी डलर सम्म खर्च गर्ने गरेका छन। नेपाल भित्रने पर्यटक करिब ४०% दोहोऱ्याएर घुम्न आउने गरेको तथ्याङ्कले देखाएको छ। तथ्यांकले भूकम्प र नाकाबन्दीबाट शिथिल बनेको नेपालको पर्यटन उद्योग पछिल्लो समय तङ्ग्रिन लागेको देखिएको छ।

नेपालमा सबैभन्दा बढी पर्यटक आउने मुलुक सदैब भारतनै रहेको छ। साथै, दोश्रो नम्बरमा चीन, तेश्रोमा अमेरिका, चौथोमा श्रीलंका र पाँचौं  स्थानमा संयुक्त अधिराज्य (बेलायत) रहेका छन्। गुणस्तरीय पर्यटक अभिबृद्धि र पर्यटक गन्तब्य विविधिकरण तथा अवलोकन स्थलको विस्तारका साथै गुणस्तरीय पर्यटन पूर्वाधारमा समेत ध्यान दिनु आवश्यक भएको छ।

नेपालमा न्युन पर्यटन पूर्वाधार, दक्ष जनशक्ति लगायतका आन्तरिक पक्षहरु तथा विश्व पर्यटन बजारमा तिब्र प्रतिष्पर्धा ब्यहोरीरहेको परिप्रेक्षमा पर्यटन बजार व्यवस्थापन तथा प्रवर्द्धन, जनसम्पर्क एवं प्रचार प्रसारमा समस्या लगायतका ठूला चुनौतीहरु पर्यटन विस्तारमा रहेका छन्। निर्माणाधिन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखराको क्षेत्रीय विमानस्थल तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतीको काम प्रभावकारी रुपमा अघि बढीरहेको तथा नयाँ गन्तब्य प्रवर्द्धन तथा पहुँच मार्ग स्तरोन्नतीको कार्यलाई सरकारले अघि बढाई रहेकोले आगामी दिनहरुमा मुलुकको पर्यटन उद्योगको भविश्य समुज्वल रहेकोछ।

नेपालमा पर्यटन क्षेत्रका लागि अति महत्वाकाँक्षि राष्ट्रिय गौरबका आयोजनाहरु बारामा निर्माणाधिन दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, पोखरामा निर्माण भई रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र देशको पर्यटन प्रबर्द्धन तथा सम्बर्द्धन संग प्रत्यक्ष सरोकार भएका नेपाल सरकारबाट थालनी गरिएका दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना, हवाई यातायात क्षमता अभिवृद्धि आयोजना, पर्यटन पूर्वाधार विकास आयोजना, पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना, विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना, पुरातात्विक संरक्षण, सांस्कृतिक सम्पदा संरक्षण कार्यक्रम, संस्कृति प्रवर्द्धन कार्यक्रम, स्मारक संरक्षण तथा

सोल्टी होटल लिमिटेड काठमाण्डौं

दरबार हेरचाह कार्यालय स्थापना जस्ता आयोजनाहरु सम्पन्न भए पश्चात् मुलुकको पर्यटन विकासको गति तिब्र हुनेमा कुनै संदेह छैन ।

उपलब्ध तथ्यांक अनुसार कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान लगभग ३ प्रतिशत मात्र रहेकोछ, जसलाई नेपाल भ्रमण वर्ष २०२० सम्ममा १० प्रतिशत पुऱ्याउने लक्ष्य लिईएको छ। यस वर्षको पर्यटक आगमनमा भएको महत्वपूर्ण अभिबृद्धिले समस्त पर्यटन उद्योगमा सकारात्मक उर्जा प्रवाह गरेको छ र यसले यस क्षेत्रमा हुने लगानी अभिबृद्धिमा समेत सघाउने छ । साथै पर्यटन क्षेत्र फराकिलो समेत बन्दै गएको वर्तमान अवस्थामा देशको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान उल्लेख्य रुपमा बढ्ने अपेक्षा समेत गर्न सकिन्छ ।

विगत वर्षहरुमा मुलुकका आर्थिक परिदृश्यहरु निकै चुनौतीपूर्ण रहेतापनि गत आर्थिक वर्ष देखि नेपालको आर्थिक परिदृश्यमा निर्णायक सुधारहरु परिलक्षियत भएका छन । एशियाली विकास बैंकले सन् २०१९ मा नेपालको वार्षिक मुद्रास्फिति दर ६.५ प्रतिशत रहने प्रक्षेपण समेत सार्वजनिक गरेको छ। नेपालमा लामो समय देखि आर्थिक विस्तारको गति सुस्त रहेतापनि गत आर्थिक वर्ष देखी अर्थतन्त्रका आर्थिक गतिबिधिहरुमा विस्तार हुदै गएकोछ ।

आदरणीय शेयरधनी महानुभावहरु,

आतिथ्यसत्कार सेवा क्षेत्रमा हाम्रो कम्पनीले विगत ५२ वर्ष देखी निरन्तर रुपमा अग्रणीय भूमिका निर्वाह गर्दै उत्कृष्ट सेवा, उत्पादन र सुविधाहरु प्रदान गर्दै उपलब्ध अत्याधुनिक अन्तर्राष्ट्रिय मापदण्ड र प्रविधिहरुबाट होटेललाई पुर्ननिर्माण तथा स्तरोन्नति गर्दै नयाँ उत्साह तथा जागरका साथ विशिष्ट र उदाहरणीय रुपमा प्रस्तुत हुदै आएकोछ। हाम्रो सटीक नारा **अग्रणीय आतिथ्यता (Poineering Hospitality)** रहेको छ। सोल्टी होटेल ब्राण्ड विश्वभरी नै प्रख्यात छ र यसको ख्याति प्रति हामीलाई गर्व छ र यो अर्थमा हामी अत्यन्त गौरबान्वित पनि छौं। पर्यटन क्षेत्रमा हाम्रो व्यावसायीक दक्षता, लामो पर्यटकीय अनुभव, उद्यमशीलता, विशिष्ठता तथा अग्रणीयता, निरन्तर रुपमा हामीले हाँसिल गरेको उत्कृष्ट व्यावसायीक कार्यकुशलता, सक्ष्यमता र शाखलाई उच्च मनोवलका साथ आत्मसात गर्दै कम्पनीले लगानी विविधिकरण तथा विस्तार गर्ने योजना बनाई अगाडी बढने लक्ष्य लिएकोछ ।

कम्पनीले पर्यटन उद्योगको भविश्यको दृष्ठिकोण र परिकल्पनालाई साकार पार्दै, स्वदेशी लगानीकर्ताहरुसंग सहकार्य गरी नेपालगञ्जमा शुभारम्भ गरिएको होटेल निर्माण सम्बन्धी कार्य यसैं वर्ष सम्पन्न गऱ्यो ।

समीक्षा आर्थिक वर्ष गत २०७४ पौष १५ गते देखी नेपालगञ्जमा नेपालको पहिलो पर्यावरण मैत्री ग्रीन होटेलको परिक्षण संचालन शुरु भएको छ। अत्याधुनिक प्रबिधियुक्त पर्यटकीय सेवा तथा सुबिधा सम्पन्न सोल्टी होटेलको ब्राण्ड र नांउमा सोल्टी वेष्टेण्ड प्रिमियर होटेल नेपालगञ्ज परिक्षण संचालनमा छ । सोल्टी वेष्टेण्ड प्रिमियर होटेलले पाँच तारे स्तरमा बर्गीकरण प्राप्तिका लागि सम्बन्धित निकायमा आवेदन दिएको छ। हालसम्म उक्त होटेल संचालनका गतिबिधिहरुबाट प्राप्त नतिजाहरुलाई शुभारम्भको पूर्वसंध्याको अवस्थामा रहेको परिप्रेक्ष्यलाई दृष्टिगत गरी विश्लेषण गर्दा सन्तोषजनक नै मान्नु पर्दछ ।

निजि क्षेत्रबाट पर्यटनमा हुने ठुलो लगानीमा होटेलले अपनाउनु पर्ने पर्यावरण संरक्षण तथा सम्बर्द्धनका सबै आयामहरुको सुक्ष्म अध्ययन तथा विश्लेषण गरी आवश्यक पहलुहरुलाई समग्रमा समेट्दै पर्या–वातावरण मैत्री ग्रीन होटेल निर्माण गरिएको हो, जो मात्र व्यावसायीक उद्देश्यबाट अभिप्रेरित छैन अपितु देश र समाज प्रतिको सामाजिक उत्तरदायित्व बोध सहित पर्यटन क्षेत्रमा प्रेरणादायी नेतृत्व प्रति पनि लक्षित छ। पर्यावरण प्रदुषण विश्वकै प्रमुख जटिलतम समस्याका रुपमा उदय भईसकेको छ, हिमालको हिउ पग्लिएर पर्वत नाग्एिको दृश्य हामी देखि रहेकाछौं । तीब्र जलवायु परिर्वतनको परिणतिबाट देशको वातावरणमा प्राकृतिक रुपमा उत्पन्न भईरहेको मौसमी प्रतिकुलताले भविश्यमा हुनसक्ने प्राकृतिक विपद्को शंखनाद गरिरहेको वर्तमान परिप्रेक्ष्यमा नेपाल जस्तो भूपरिवेष्ट मुलुकको लागि एउटा संस्थाको व्यक्तिगत रुपमा उदाहरणीय र नौलो प्रयास र प्रस्तुती हो भन्ने हाम्रो विश्लेषण छ ।

सोल्टी होटल लिमिटेड काठमाडौं

देशको पर्यावरण संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्न र स्वदेशी तथा बिदेशी पाहुनाहरुलाई प्राकृतिक उर्जा प्रयोग गर्दै न्यून खर्चमा पाहुनाहरुलाई उच्च स्तरीय सेवा प्रदान गर्नका लागि पर्यटन व्यावसायका साथै पर्यावरण संरक्षण तथा संबर्द्धनमा समेतमा लाग्नु पर्दछ भन्ने हाम्रो ठम्याई रहेको छ ।

सोल्टी वेस्टेन्ड प्रिमियर होटेल नेपालगञ्जको भवन तथा सोमा जडित मेशिनरी तथा संयन्त्रहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विस्तृत विश्लेषण, संश्लेषण र अध्ययन पश्चात् यसै वर्ष सन् २०१८ मा सोल्टी वेस्टेन्ड प्रिमियर होटेलले वातावरण मैत्री ग्रीन होटेलको रुपमा दिईने अन्तर्राष्ट्रिय सम्मान पुरस्कार **"बेस्ट डेबुट ग्रीन होटल"** प्राप्त गर्न सफल भएकोछ ।

सोल्टी वेस्टेन्ड प्रिमियर होटेल संयुक्त राज्य अमेरिकाको वासिङटन अवस्थित स्वतन्त्र, र गैरनाफामुलक संस्था यु एस ग्रीन बिल्डिङ काउन्सीलबाट पर्यावरण मैत्री हरित होटेललाई सम्पूर्ण पार्यावरण प्राविधिक जांच र मुल्यांकन गरे पश्चात् प्रदान गरिने लिड "लिडरशिप इन इनर्जि एण्ड इन्वायरन्मेण्टल डिजाईन (Leadership in Energy and Environmental Design (LEED)" बाट प्रमाणित भई प्रमाणपत्र पाउने सिल्भर श्रेणीको लिड प्रमाणीकरण प्रमाणपत्रबाट विभूषित नेपालको पहिलो पर्यावरण मैत्री हरित होटेल भएको छ ।

सोल्टी वेस्टेण्ड प्रिमियर होटेल नेपालगञ्जले अपनाएको प्रविधि पूर्णतः वातावरण मैत्री छ । उक्त होटेलले कार्बनडाइअक्साइड उत्र्सजन गर्दैन । जिरो कार्बन फुटप्रिन्ट छ । वातावरण अनुकूलनका लागि नेपालमा पहिलो पटक प्रयोग भएको रेडियन्ट् टेक्नोलोजीको प्रयोग गरिएको छ, जसले छतभित्र जडित पेक्स पाईपहरुको माध्यमबाट तातो वा चिसो पानी प्रवाह गरी भवनको भित्रीभाग र कोठाहरुलाई प्राकृतिक रुपमा तातो वा चिसो बनाई वातानुकुलन सुबिधा उपलब्ध गराउदछन । होटेलमा फोहोर व्यवस्थापन प्रविधिको माध्यमबाट फोहोर प्रशोधन गरी स्वच्छ पानीलाई पुनः प्रयोग गरिन्छ ।

होटेलले वायु प्रदुषण गर्दैन अपितु वायुमण्डलमा वायु प्रशोधित गरि बाहिर छोड्दछ । होटेलमा आकाशे पानी संचितका लागि भौमजल पुनर्भरणको व्यवस्था तथा पानी शुद्धिकरण संयन्त्र जडित छन् । होटेलको ढल फोहोर प्रशोधन संयन्त्रबाट प्रशोधित हुन्छ र त्यसबाट प्राप्त पानीलाई पुर्नप्रयोग गरिन्छ ।

ध्वनीप्रदुषण नियन्त्रण, रेजिन टेक्नोलोजी सहितका लिफ्टहरू, र तापमान नियन्त्रणात्मक प्रबिधि तथा कोठाको तापक्रम मापदण्ड अनुकुलनताका लागि भवनका झ्यालहरुमा डबल ग्लेजिङका सिसाहरु राखिएको छ ।

भान्साबाट निस्कने प्रदुषित वायु निर्मलीकरण प्रविधिबाट स्वच्छ पारी बायुमण्लमा पुर्नप्रवाह गर्ने व्यवस्थाका लागि वायु प्रशोधन उपकरणहरु जडित छन् ।

कम्पनीले सौर्य शक्तिको पनि उपभोग गर्दछ । सौर्य शक्तिका लागि सोलार प्यानलहरु जडान गरिएका छन् । होटेलको सम्पूर्ण भवन तथा त्यहाँ जडीत मेशिनरीहरु केन्द्रिकृत कम्प्यूटर नियन्त्रण प्रबिधि प्रणालिबाट स्वचालित छन् जसका लागि होटेलमा भवन व्यवस्थापन सिस्टम (BMS) जडान गरिएको छ ।

भवन व्यवस्थापन सिस्टमबाट भवनमा जडान भएका हरेक आधुनिक प्रबिधियुक्त उपकरणहरुको भौतिक अवस्था, कार्यप्रगति र त्यसले प्रदर्शन गरिरहेको कार्यक्षमताको जानकारी तुरुन्तै कम्प्युटरको स्क्रिनमा जिवन्त प्रदर्शित हुन्छ । यसै गरी सोल्टी वेस्टेण्ड प्रिमियर होटेलमा हस्पिटालिटी भोकेस्नल ट्रेनिङ सेन्टरको नाममा एउटा छुट्टै डिभिजन समेत संचालित छ । सो डिभिजनलाई ग्लोबल एकेडेमी अफ टुरिजम एण्ड हस्पिटालिटी एजुकेशन, गेट कलेजले १६ अगस्ट २०१७ देखि व्यवस्थापन तथा सञ्चालन गरीरहेको छ ।

संयुक्त लगानी अर्न्तगतको सो एसोसिएट कम्पनीले नेपालगञ्ज पश्चात् नेपालको पोखरा शहरमा अर्को होटेल निर्माणको कार्य शुरु गर्ने तैयारी गरी रहेको तथा नेपालका अन्य होटेलहरुको व्यावस्थापन जिम्मा लिई संचालन गर्ने तर्फ समेत अग्रसर रहेको जनाएको छ ।

सोल्टी होटल लिमिटेड काठमाडौं

होटेलमा पाल्नुहुने अतिथि पर्यटक पाहुनाहरुको सेवा तथा सुबिधाहरुलाई समयानुकुल आधुनिकीकरण, पुर्ननिर्माण तथा स्तरोन्नति गर्ने कार्य निरन्तर गरिरहेका छौं र यहांहरुको होटेल उमेरको हिसाबले पुरातात्वीक महत्वको भएतापनि अत्याधुनिक सुबिधा सम्पन्न र नयाँ नवनिर्मित होटेल सरहनै सबै उत्पादन र सेवा सुबिधाहरु चुस्त दुरुस्त रहेका छन्। यसै अनुरुप समिक्षा अर्थिक वर्षमा होटेलको हिमालय विंगका १७७ वटा कोठाहरूको स्तरोन्नति साजसज्जा तथा समस्त भवनको वातानुकुलन तथा प्लम्बिङ पाईपलाईनका भर्टिकल साफ्टको पुर्ननिर्माण सम्पन्न गऱ्यौं ।

चालु आर्थिक वर्ष होटेलमा अत्याधुनिक सुविधा सम्पन्न स्पा तथा हेल्थ क्लब, व्यायामशाला, सैलुन, स्टिम र साउना सम्बन्धी सबै सुबिधाहरु प्रदान गर्नका लागि आधुनिक प्रबिधियुक्त उपकरणहरु सहितको नयाँ भवन निर्माण गरी वेलनेस स्पा संचालन गरिएको छ । कम्पनीसंग भएको सहमति अनुसार उक्त वेलनेस स्पा सेन्टरको निर्माण र व्यावस्थापनको जिम्मा नेपालको उदीयमान प्रसिद्ध स्पा तथा वेलनेस ब्राण्ड ट्रैंगक्विलिटीले लिएको छ जसले उक्त स्पा संचालन गरी अन्तर्राष्ट्रिय स्तरको सेवा प्रदान गर्नेछ । अहिले स्पा तथा वेलनेस सेन्टर संचालनमा आइ सकेको छ ।

त्यसैगरी, चालु आर्थिक वर्षमा होटेल परिसर भित्र रहेको क्यासिनो भवनमा अत्याधुनिक सुविधा सम्पन्न नाईट क्लब PRIV'E NEPAL, क्यासिनो माजोंग र PRIV'E Hong Kong को संयुक्त प्रयासमा संचालनमा आउने भएकोछ । उक्त नाईट क्लब संचालनबाट होटेललाई अनुकुल प्रभाव पार्नेछ तथा आम्दानी अभिबृद्धि समेतमा सघाउने निश्चित छ । क्यासिनो माजोंगले नाईट क्लब PRIV'E NEPAL को परिक्षण संचालन गरि रहेको समेत जानकारी गराएको छ ।

कम्पनीको ठूलो क्षमताको पार्किङ एरिया बनाउने योजना कार्यान्वयन भई रहेको छ । नयाँ निर्माण गरिने पार्किङ क्षेत्रमा एकैसाथ ३०० भन्दा बढी कारहरू पार्किङ गर्न मिल्नेछ । यसले होटेलमा आयोजना गरिने भव्य प्रीतिभोज तथा सम्मेलन समारोहहरुमा कार पार्किङ सम्बन्धि सुबिधा उपलब्ध हुने अपेक्षा लिईएको छ ।

कम्पनीको हिमालयन विंग भवनको तहखानामा चालु आर्थिक वर्ष भित्र बहुउद्देश्य बैठक कक्षहरु र सभाहलहरुको पुर्ननिर्माण गर्ने योजना छ । होटेलको मुख्य लबी क्षेत्र, बार र रिसेप्शन क्षेत्रलाई स्तरोन्नती तथा पुनर्निमाण गर्ने समेत योजना रहेकोछ । कम्पनीको विद्यमान मेघा मलहार सम्मेलन कक्षलाई पनि चाँडै नै विस्तार गरी ठूलो सभा सम्मेलन कक्षमा परिणतगरी निर्माण गर्ने योजना छ ।

कम्पनीको चालु आर्थिक वर्ष २०७५/७६ को कार्यसम्पादनलाई विश्लेषण गर्दा १६ जुलाई २०१८ देखी ३१ दिसम्बर २०१८ सम्मको वित्तिय नतिजाहरु समेत उत्साहजनक रहेका छन । कम्पनीको कुल कारोबार गत वर्षको सोहि अवधीको लगभग ६७ करोड ४३ लाख रुपैंयाँको तुलनामा लगभग ८६ करोड ८५ लाख रुपैंयाँ रहेको छ जो लगभग २९ प्रतिशतले बृद्धि भएको छ । चालु आर्थिक वर्षको ३१ दिसम्बर २०१८ सम्मको होटेलको अकुपेन्सी लगभग ५९ प्रतिशत, औसत मूल्यदर रु. ११,३८७ र उपलब्ध प्रति कोठा आम्दानी रु. ६,७२० रहेको छ ।

समीक्षा आर्थिक वर्षमा कम्पनीले हिमाल इन्टरनेशनल पावर कर्प प्राइभेट लिमिटेड मार्फत जलविद्यूत उत्पादन गर्ने कम्पनी भोटेकोशी पावर कम्पनी प्राइभेट लिमिटेडमा गरेको लगानीबाट रू. ५ लाख लाभांश प्राप्त गरेकोछ । सो कम्पनीले विनाशकारी महाभूकम्प, भोटेकोशी नदीमा आएको भिषण बाढी र ठूलो भूस्खलनबाट तहसनहस भएका जलविद्यूत उत्पादन गर्ने संरचनाहरुको पुर्ननिमार्ण भईरहेको र आर्थिक वर्ष २०१९/२० भित्र सबै निर्माणाधिन कार्य सम्पन्न गरी सक्ने प्रतिबद्धता जनाएको छ ।

कम्पनीको संचालक समितिले शेयरधनी महानुभावहरुलाई कम्पनीको लिन मन्जुर तथा चुक्ता शेयर पूंजीको १६.३२ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने र कम्पनीको लिन मन्जुर तथा चुक्ता शेयर पूंजीको १० प्रतिशत बोनश शेयर वितरण गर्न सिफारिश गरेको सहर्ष जानकारी गराउदछु । समग्रमा, शेयरधनी महानुभावहरुले लगभग २६.३२ प्रतिशतका दरले लगानीको प्रतिफल प्राप्त गर्नु हुनेछ ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको छ । सोल्टी परिवारका सम्पूर्ण कर्मचारीहरुको उच्चस्तरको प्रतिवद्धता, समझदारी र व्यावस्थापन तथा कामदार कर्मचारीहरु

सोल्टी होटल लिमिटेड काठमाण्डौं

बीचको सहकार्य, समन्वय एवं समर्थनको सराहना तथा प्रशंसा गर्दै यस कम्पनीको उन्नतीमा अरु थप हौसला तथा उच्च स्तरको सहयोग मिल्ने कुरा प्रति संचालक समिति सहित म पूर्ण विश्वस्त छु।

आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीलाई दिनुभएको अमूल्य सुझाव र सल्लाह प्रति म कृतज्ञता ज्ञापन गर्दछु। साथै, शेयरधनी महानुभावहरुले कम्पनीको संचालक समिति र व्यावस्थापन प्रति देखाउदै आउनु भएको असिम विश्वास एंव भरोसा प्रति हृदय देखिनै धन्यवाद एवं आभार प्रकट गर्दछु।

कम्पनीको प्रत्येक वार्षिक साधारण सभामा सक्रीय सहभागिता जनाई यहांहरुको निरन्तर अमूल्य मार्ग निर्देशन, नैतिक सहयोग र समर्थनका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति म र संचालक समिति आभार एवं कृतज्ञता ज्ञापन गर्दछौं।

साथै होटेलका व्यवस्थापक हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्ग र इन्टरकन्टीनेन्टल होटेल्स ग्रुप तथा त्यसका उच्च पदस्त पदाधिकारीहरुलाई कुशल व्यावस्थापन र कार्यसम्पादन सहित उच्च स्तरको सहकार्य प्रति हामी अभार व्यक्त गर्दै भविश्यमा पनि यसको निरन्तरताको अपेक्षा गर्दछौं।

होटेलका कर्मचारीहरुको क्षमता र लगनशिलता प्रति पूर्ण विश्वस्त हुदै, म व्यक्तिगत र संचालक समितिको तर्फबाट सम्पूर्ण सहकर्मी कर्मचारीहरुको अथक मेहनत, परिश्रम, सुझाव, सल्लाह, सहयोग र हौसला प्रति हार्दिक आभार र धन्यवाद व्यक्त गर्दछु।

कम्पनीलाई निरंतर सहयोग र संरक्षण प्रदान गर्नुहुने होटेलमा पाल्नुहुने सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुनाहरु, हामीलाई पाहुना उपलब्ध गराउनु हुने ट्रावल एजेन्सीहरु, एयरलाईन्सहरु, अन्य एजेन्सीहरु, हाम्रो परिकल्पना, योजना र आवश्यकता अनुरुप आधारभूत संरचनालाई साकार र सुनियोजित पार्नुहुने परियोजना परामर्शदाताहरु, आधारभूत संरचनालाई मूर्तरुप दिदै आवश्यकता अनुसार सेवा उपलब्ध गराउनु हुने संरचना निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु तथा अन्य सेवा प्रदायकहरुलाई संचालक समिति र मेरो तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट म नेपाल सरकार, पर्यटन मंत्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेंज लि., नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड किलियरिंग कम्पनी लि. एवं अन्य सरकारी तथा नियामक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई आ–आफ्नो ठांउबाट पुर्‍याउदै आउनुभएको निरन्तर महत्वपूर्ण योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु!

धन्यवाद!

सोल्टी होटल लिमिटेड काठमाण्डौं

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**